**प्रश्न नं. ७९**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.९५१६ देखि ९६३७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

गणेश आलेमगरको जाहेरीले नेपाल सरकार

बिरुद्ध

मधुममाया तामाङ र नरेन्द्र लामाङ

मुद्दाः-ज्यान सम्वन्धी कसूर

मेरो बुहारी तुलसा मगर (तामाङ्ग) लाई मिति २०७५।८।५ गते ४:३० बजेको समयमा किटनी नगरपालीका वडा न ९ ललितपुर चुचे वारीमा खर काट्न गएको समयमा खुकुरीले काटी निर्ममतापूर्वक हत्या गरिएको अवस्थामा सोही दिनको राति १८:३० बजे लाश फेला परेको हुँदा अपराधी पत्ता लगाई कानूनबमोजिम गरिपाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी मधुमाया तामाङ्गले दिएको जाहेरी दरखास्त ।

मृतक मेरी दिदी तुलसा मगर तामाङ्गलाई मिति २०७५।८।५ गते ४:३० बजेको समयमा किटनी नगरपालीका वडा न. ९ ललितपुर चुचेवारी खर काटी रहेको अवस्थामा कोही कसैले थाहा नपाउने गरी खुकुरी प्रहार गरी काटी निर्ममतापूर्वक हत्या गर्ने अभियुक्त मधुमाया तामाङ्ग र नरेन्द्रबहादुर तामाङ्ग नै हुन् । निजहरूलाई कानूनबमोजिम गरिपाऊँ भन्ने समेत व्यहोराको गणेश आले मगरले दिएको जाहेरी दरखास्त ।

जिल्ला ललितपुर किटनी नगरपालीका वडा नं. ९ स्थित विष्णुबहादुर तामाङ्गको पाखा बारी गराभित्र मृतक रहेको स्थानबाट उत्तर दुई फीटको दूरीमा सानो बुट्टे रुमाल रहेको, सोही स्थानदेखि उत्तरतर्फ ५ मिटर लम्बाई ४ मिटर चौडाईको भागमा रहेको जमिन पूरै मडारिएको, मृतक रहेको स्थानदेखि पश्चिम १ फीटको दूरीमा १ फीट लम्बाई ६ ईन्च चौडाईको भागमा पूरै आलो रगत जमेको, सो स्थानदेखि २ फीट पश्चिममा केशको मुठ्ठा काटिएर रहेको, घाँटीको अवस्था बाँयातर्फबाट काटिएको र पूरै छिन्न लागेको, बाँया कन्चटमा ४ ईन्चको गहिरो चोट, गालामा ३ ईन्च लम्बाई २ ईन्च चौडाइको गहिरो चोट, बाँया दाँया हातका कान्छी औंला र साहिँली औंला पुरै काटिएको भन्ने समेत व्यहोराको दिलकुमार तामाङ्ग समेत ७ जनाले गरी दिएको लाश प्रकृति मुचुल्का ।

## प्रश्न नं. ७९

मृत्कको मुत्यु धारिलो वस्तुले काटेको हुनाले अत्याधिक रक्तश्राव भएको, घाटीमा कुनै कडा वस्तुलेचेपेको हुनाले मुत्यु भएको भन्ने पोष्टमार्टम रिपोट

खुकुरीले बायाँ कन्चट, गाला र घाटी समेतमा काटी निर्ममतापूर्वक हत्या गर्ने हाल पक्राउ परेकी अभियुक्त मधुमाया तामाङ्ग (मेरो आमा) नै हुन् । म उक्त घट्नामा संलग्न छैन । शंकाको भरमा मलाई वारदातमा संलग्न छैन भनी किटानी जाहेरी दिएको हो भन्ने समेत व्यहोराको प्रतिवादी नरेन्द्रबहादुर तामाङ्गले अधिकारप्राप्त अधिकारीसमक्ष गरी दिएको बयान ।

निज बुहारी घरमा रहँदा बस्दा मैले लाए अह्राएको काम कार्यहरू नगर्ने बुहारीदेखि धेरै रिस उठेको र पटक-पटक घरमा झगडासमेत भएको कारण मैले निजलाई पूरै योजना बनाई मिति २०७५।८।५ गते बारीमा खर काट्न गएको अवस्थामा कोही कसैले नदेख्ने गरी नाङ्गो खुकुरी लिई मार्ने मनसाय लिई बायाँ कन्चटमा र बायाँ गालामा खुकुरी प्रहार गरी जमिनमा ढलेपछि घाँटीमा सोही खुकुरीले प्रहार गरी मारेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी मधुमाया तामाङ्गले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मृतक तुलसा मगर (तामाङ्ग)को २०७५।८।५ गते ४.३० वजेको समयमा घटनास्थलमा खुकुरीले काटी निर्ममतापूर्वक हत्या गर्ने प्रतिवादी मधुमाया तामाङ्ग हुन् । उक्त वारदातमा निजको छोरा प्र. नरेन्द्रबहादुर तामाङ्गको समेत संलग्नता छ भन्ने समेत व्यहोराको गंगाबहादुर आले मगर, उपसना कान्दु, सावित्रि विक, हुनमान पुजारी, विवेक महतले गरेको कागज ।

हाल पक्राउ परेका प्र. मधुमाया तामाङ्गले वारदात स्थलमा प्रयोग गरेको खुकुरी थान-१, रगत लागेको रातो खाँडीको रुमाल-१, निज अभियुक्तले वारदात समयमा लगाएको लुंगी र बुट्टे चोली, रगत लागेको जस्तो देखिने धर्के सर्ट, प्र. मधुमाया तामाङ्गको घरबाट मिति २०७५।८।२९ गते हामीहरूको रोहवरमा बरामद गरी लगेको ठीक साँचो हो भन्ने समेत व्यहोराको दोर्ज सिंह तामाङ्ग समेत ४ जनाले गरी दिएको बरामदी तथा खानतलासी मुचुल्का ।

मुलुकी अपराध सहिता, ज्यानसम्बन्धी महलको १७७(१) नं. विपरीत कसूर गरेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७७ (२) नं. बमोजिम हदैसम्म सजाय हुन र अभियुक्तमध्येका नरेन्द्रबहादुर तामाङ्गले हतियारको चोट छोडेको नभए पनि मृतकलाई मार्न संयोग पारी दिन पक्री समाती थिची दिएकोले हदैसम्म सजाय गरिपाऊँ भन्ने व्यहोराको अभियोग पत्र

प्रतिवादीहरुले अदालतमा इन्कारी वयान

**प्रश्न नं. ७९**

ललितपुर जिल्ला अदालत बाट भएको फैसला

उच्च अदालत पाटनमा प्रस्तुत भएको पुनरावेदन पत्र